सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# स्वतः प्रकाशन गर्नुपर्ने विवरणहरु

## (Proactive Disclosure)

२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्म



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## १. कार्यालयको स्वरुप र प्रकृति

- नेपालमा २००७ सालको राजनैतिक परिवर्तनपछि देशको आन्तरिक कार्यको व्यवस्था हेर्ने गरी २००८ सालमा गृह मन्त्रालयको स्थापना भयो ।
- २००७ साल भन्दा पहिले गृह प्रशासनको कार्य गढी, गौडा, गोश्वाराहरुबाट सञ्चालन हुने गरेको थियो ।
- २००८ देखि २०१८ सालसम्म बडाहाकिम मार्फत कार्य सञ्चालन भयो ।
- २०१७ सालको राजनैतिक परिवर्तन पछि गृह मन्त्रालयको नाम गृह पञ्चायत मन्त्रालय भयो गृह प्रशासन र पञ्चायत सम्बन्धी काम पनि प्रमुख जिल्ला अधिकारीले हेर्नुपर्ने भयो ।
- २०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीहरुको व्यवस्था गरिएकोमा हाल सङ्घीय संरचना फेरबदल भई ७ प्रदेश, ७७ जिल्ला प्रशासन कार्यालय कायम र ७५३ वटा स्थानीय तहहरुको व्यवस्था रहेको छ ।
- स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि अञ्चलाधीश र प्र.जि.अ.को काम, कर्तव्य र अधिकार कानूनी रुपमा व्यवस्थित गरियो ।
- २०३७ सालमा गृह पञ्चायत मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुट्याई स्थानीय विकास मन्त्रालय गठन भएपछि पुनः गृह मन्त्रालय नामाकरण गरी यसको प्रमुख कार्यभार शान्ति सु-व्यवस्था र स्थानीय प्रशासन रहन गयो ।
- स्थानीय प्रशासन ऐन,२०२८ ले जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गरेको छ ।जस अनुसार जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्नु यसको प्रमुख कार्य हो । जिल्लामा विकास निर्माणका कार्यहरुका लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण तथा कार्यालयबाट नागरिकता प्रमाणपत्र जारी गर्ने, राहदानी सम्बन्धी काम गर्ने, राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गर्ने, संघसंस्था दर्ता गर्ने जस्ता कार्यहरुको सम्पादन गर्ने र जिल्लामा सुशासनको प्रत्याभूतीका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाल सरकारको प्रतिनिधिका रुपमा प्रमुख जिल्ला अधिकारीले जिल्लाको प्रमुख प्रशासनिक अधिकारीको भूमिका निर्वाह गरेको हुन्छ ।जिल्लाको समग्र सुरक्षा व्यवस्थालाई एकीकृत र समन्वयात्मक रुपमा सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका निकायहरु, इलाका प्रशासन कार्यालय, कारागार कार्यालय क्रियाशील रहेका छन् ।

बाबुराम पन्थी
प्रशासकीय अधिकृत

## २. कार्यालयको काम कर्तव्य र अधिकारः

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

<u>जिल्ला प्रशासन कार्यालयबाट सम्पादन गरिने प्रमुख कार्यहरुः</u>

- शान्ति सुरक्षा सम्बन्धी कार्य,
- जिल्लास्थित कार्यालयहरुको समन्वय एवं अनुगमन रेखदेख नियन्त्रण,
- नेपाली नागरिकताको प्रमाण पत्र जारी गर्ने सम्बन्धी कार्य तथा प्रतिलिपि नागरिकता प्रमाणपत्र जारी गर्ने कार्य,
- राहदानी सिफारिश तथा वितरण,
- नाबालक परिचयपत्र जारी गर्ने तथा प्रतिलिपि दिने कार्य,
- राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता गर्ने कार्य,
- हातहतियार ईजाजत तथा नवीकरण सम्बन्धी,
- संस्था, पत्रपत्रिका तथा छापाखाना सम्बन्धीः संस्था दर्ता र प्रमाण पत्र, संस्था नवीकरण, संस्थाको विधान संशोधन, जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति, पत्रपत्रिका दर्ता, छापाखाना संचालन स्वीकृति,
- नाम, थर, उमेर फरक परेको सिफारिस,
- कुनै व्यहोरा प्रमाणित गर्ने,
- बजार अनुगमन सम्बन्धी कार्य,
- तोकिएका न्यायिक कार्य,
- सार्वजनिक स्थानमा अवाञ्छनीय क्रियाकलापको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण,
- विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य,
- अवैध मदिरा नियन्त्रण,
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने,
- जिल्ला स्तरमा सार्वजनिक उत्सव, राष्ट्रिय दिवस मनाउने,
- मुआब्जा निर्धारण तथा वितरण,
- नेपाल सरकार र प्रदेश सरकारबाट तोकिएका अन्य कार्यहरु,
- अन्य कुनै कार्यालयको कार्य क्षेत्रमा नपरेको नेपाल सरकारका कार्यहरु ।

बाबुराम पन्थी
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

## ३. जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरबन्दी र पदपूर्ति सम्बन्धी विवरण :

| सि.नं. | पद | श्रेणी तह | दरवन्दी अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दरवन्दी संख्या | दरबन्दी पूर्ती | दरबन्दी रिक्त | |
| १ | प्र.जि.अ. | रा प प्रथम | १ | १ | - | |
| २ | स.प्र.जि.अ. | रा प द्वितीय | १ | १ | - | |
| ३ | प्रशासकीय अधिकृत | रा प तृतीय | ३ | ३ | - | . |
| ४ | नायब सुब्बा | रा प अनं. प्रथम | १० | ९ | १ | लो.से.आ.माग |
| ५ | लेखापाल | रा प अनं. प्रथम | १ | १ | - | |
| ६ | कम्प्युटर अपरेटर | रा प अनं. प्रथम | ३ | ३ | - | |
| ७ | खरिदार | रा प अनं. द्वितीय | ५ | ४ | १ | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | - | |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | - | |
| | | जम्मा | ३३ | ३१ | २ | |

## ४. कार्यालयबाट प्रदान गरिने सेवा

**क. स्थानीय प्रशासन सम्बन्धी सेवा :**

- नाम, थर, उमेर आदि प्रमाणित
- नावालक परिचय पत्र
- पेन्सन सम्बन्धी सिफारिस
- आदिवासी जनजाती, दलित, मधेसी प्रमाणित
- पत्रपत्रिका दर्ता
- छापाखाना दर्ता
- पारिवारिक विवरण प्रमाणित
- नाता प्रमाणित
- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन
- सरकारी/सार्वजनिक सम्पत्ति संरक्षण
- शान्ति सुरक्षा तथा अपराध नियन्त्रण
- शासकिय प्रवन्ध सम्बन्धी कार्य
- लागु औषध नियन्त्रण सम्बन्धी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
- मुआब्जा निर्धारण तथा विकास सहजिकरण सम्बन्धी कार्य

**ख. नागरिकता सम्बन्धी सेवा :**

- वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण
- नाबालक परिचयपत्र
- जन्मको आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिहरुको सन्तानलाई नागरिकता प्रमाणपत्र वितरण

पन्थी
...कृत

ग. राहदानी सम्बन्धी सेवा :

- राहदानी आवेदन संकलन
- राहदानी वितरण
- Local Validation
- Live Enrollment
- राजस्व संकलन तथा अभिलेख व्यवस्थापन

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

घ. मुद्दा तथा उजुरी/गुनासो सम्बन्धी सेवा :

- मुलुकी अपराध संहिता, २०७४ तथा अन्य विषयगत ऐन अनुसार प्राप्त अधिकार बमोजिम मुद्दा शुरु कारवाही र किनारा गर्ने ।
- गुनासो तथा ठाडो उजुरी
- नियामक निकायमा उजुरीहरु छानविन तथा प्रतिवेदन

ङ. हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी सेवाः

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण

च. संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा :

- संस्था दर्ता
- संस्था नवीकरण
- संस्थाको विधान संशोधन
- संस्थाको शाखा खोल्ने स्वीकृति

छ. विपद् व्यवस्थापन सम्बन्धी सेवा :

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण
- विपदबाट भएको क्षतिको विवरण संकलन
- विपद् पीडित भएकाहरुलाई तत्काल क्षतिपूर्ति एवं राहत वितरण तथा पुनःर्स्थापना

ज. अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा हेलो सरकार सम्बन्धी सेवाः

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र हेलो सरकार तथा अन्य निकायबाट प्राप्त उजुरी एवं निवेदनहरु उपर प्रारम्भिक छानविन ।

झ. राष्ट्रिय परिचय पत्र वितरण :

- जिल्लाबासी नागरिकहरुको नेपाली नागरिकता प्रमाणपत्रको आधारमा राष्ट्रिय परिचयपत्र विवरण संकलन,प्रवृष्टि र परिचयपत्र कार्ड वितरण

## ५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी (२०८३ असार अद्यावधिक)

प्रमुख जिल्ला अधिकारी कक्ष - प्रमुख जिल्ला अधिकारी

- जिल्लाको शान्ति सुरक्षा सुव्यवस्था र अमनचयन कायम गरी जनताको जिउधनको संरक्षण, विपद व्यवस्थापन, सुशासन प्रवर्द्धन, सेवा प्रवाह, समन्वय र अनुगमन लगायतका सम्पूर्ण कामकाज ।

कोठा नं. २०२ सहायक प्रमुख जिल्ला अधिकारी कक्ष

- कार्यालयको दैनिक प्रशासनिक कार्य : नागरिकता, राहदानी लगायतका पेश भएका कार्यहरुमा सदर गर्ने साथै जिल्लाको शान्ति सुरक्षा, सुव्यवस्था र अमनचयन कायम गरी जनताको जिउधनको संरक्षण, विपद् व्यवस्थापन, सुशासन प्रवर्द्धन, सेवा प्रवाह, समन्वय र अनुगमन लगायतका सम्पूर्ण कामकाज गर्ने ।

कोठा नं .२०४ प्रशासन फाँट

- विभिन्न प्रमाणित, संस्था नवीकरण, संस्था दर्ता, हातहतियार दर्ता, नामसारी, नविकरण, नागरिकता, परिचयपत्र पत्रपत्रिका दर्ता लगायतका अन्य सम्पुर्ण प्रशासनिक कार्य।
- चिठ्ठी पत्र दर्ता तथा चलानी गर्ने काम ।

जिम्मेवार अधिकारीहरु- स.प्र.जि.अ. श्री भविश्वर घिमिरे
प्र.अ. श्री बाबुराम पन्थी
प्र.अ. श्री दुर्ग बहादुर ओली
प्र.अ. श्री विष्णु प्रसाद पोखरेल
ना.सु. श्री जनकराज जोशी
ना.सु. श्री सीता बन्जाडे
क.अ. श्री अनिता क्षेत्री
का.स. श्री निराजन शाही
का.स. श्री अब्दुल कलाम मुसलमान

कोठा नं. ३. राष्ट्रिय परिचय पत्रका लागि वितरण दर्ता स्टेशन

- राष्ट्रिय परिचय पत्रका लागि विवरण दर्ता गर्ने ।

जिम्मेवार अधिकारीहरु- प्र.अ. श्री बाबुराम पन्थी
प्र.अ. श्री दुर्ग बहादुर ओली
प्र.अ. श्री विष्णु प्रसाद पोखरेल
सवै ना.सु., रुजु अधिकारी
सवै खरिदार, रुजु अधिकारी
विवरण दर्ता अपरेटर श्री रेखा खनाल
विवरण दर्ता अपरेटर श्री टीका भट्टराई जोशी
विवरण दर्ता अपरेटर श्री सिमा भट्टराई
दर्ता सहयोगी श्री माया वि.क.

कोठा नं. ३०६. मुद्दा फाँट (२०८३ असारमा अद्यावधिक)

- सार्वजनिक कसुरसंग सम्वन्धित मुद्दा दर्ता, बयान सम्बन्धी, फैसला लेखन गर्ने, ठाडो उजुरी मिटरब्याज सम्बन्धी ।

जिम्मेवार अधिकारीहरु- प्र.जि.अ. श्री जनार्दन गौतम
स.प्र.जि.अ. श्री भविश्वर घिमिरे
ना.सु. श्री रुद्र पन्थी
खरिदार श्री सुरजभान यादव

कोठा नं. २०३ आर्थिक प्रशासन फाँट (२०८३ असारमा अद्यावधिक)

- लेखा सम्बन्धी सम्पूर्ण कामकाज

जिम्मेवार अधिकारीहरु- प्र.जि.अ. श्री जनार्दन गौतम
लेखापाल श्री रामचन्द्र अर्याल
का.स. श्री चुडामणी गौतम

पन्थी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

**राहदानी (e-passport) पासपोर्ट फाँट (२०८३ असारमा अद्यावधिक)**

राहदानीको लागि आवेदन फाराम पेश गर्ने र तयार भएको राहदानी लिने तथा अभिलेख र वितरण गर्ने।

जिम्मेवार अधिकारीहरु- स.प्र.जि.अ. श्री भविश्वर घिमिरे
प्र.अ. श्री बाबुराम पन्थी
प्र.अ. श्री दुर्ग बहादुर ओली
प्र.अ. श्री विष्णु प्रसाद पोखरेल
ना.सु. श्री धर्मराज न्यौपाने
ना.सु. श्री सन्दिप आचार्य
खरिदार श्री उमाशंकर पण्डित
का.स. श्री रामकृष्ण चौधरी

**कोठा नं. १०२ नागरिकता प्रतिलिपि फाँट (२०८३ असारमा अद्यावधिक)**

प्रतिलिपि नागरिकताको फाराम पेश गर्ने तथा नागरिकताको अभिलेखको लागि सिफारिस पेश गर्ने, सनाखत गर्ने, अभिलेखमा चढाउने, छाप लगाउने तथा नागरिकता प्रिन्ट गरि तयार गरेर दिने।

जिम्मेवार अधिकारीहरु- स.प्र.जि.अ. श्री भविश्वर घिमिरे
प्र.अ. श्री बाबुराम पन्थी
प्र.अ. श्री दुर्ग बहादुर ओली
प्र.अ. श्री विष्णु प्रसाद पोखरेल
ना.सु. श्री केशव प्रसाद फुल्देल
क.अ. श्री सन्ध्या पौडेल
खरिदार बसन्त बस्नेत
का.स. श्री सुशिला कहाँर

**कोठा नं. १०१ र १०० नागरिकता शाखा फाँट (२०८३ असारमा अद्यावधिक)**

- नयाँ नागरिकताको फाराम पेश गर्ने, नागरिकताको अभिलेखको लागि सिफारिस पेश गर्ने, सनाखत गर्ने, अभिलेखमा चढाउने, छाप लगाउने तथा नागरिकता प्रिन्ट गरी तयार गरेर दिने लगायतका कामहरू हुने ।

जिम्मेवार अधिकारीहरु- स.प्र.जि.अ. श्री भविश्वर घिमिरे
प्र.अ. श्री बाबुराम पन्थी
प्र.अ. श्री दुर्ग बहादुर ओली
प्र.अ. श्री विष्णु प्रसाद पोखरेल
ना.सु. श्री गणेश बहादुर कार्की
ना.सु. श्री सुर्यभान यादव
क.अ. श्री भिमा दोमासे
खरिदार श्री संजय कुमारी कोरी
का.स. श्री विकास थारु

...राम पन्थी
... अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु. | लाग्ने अवधि | कै. |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| २ | नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण | रु. २०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| ४ | राहदानी फाराम संकलन | रु. २,५००/- (१०वर्ष उमेरभन्दा कमको लागि रु.२५००) १०वर्ष उमेरभन्दा माथिको लागि रु. ५,०००/- (साधारण) १०,०००/- (हराएमा र भौतिक क्षति भएमा) | | |
| ५ | राहदानी वितरण | - | विभागबाट बनेर आएपछी | |
| ६ | गुनासो र ठाडो उजुरी | रु. १०/- को टिकट | यथाशीघ्र | |
| ७ | नावालक परिचय पत्र | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| ८ | पेन्सन सम्बन्धी सिफारिस | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| ९ | आदिवासी जनजाति, दलित सिफारिस | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| १० | संस्था दर्ता | रु. १,०००/- | कागजात पूरा भएमा सोही दिन | |
| ११ | संस्था नवीकरण | रु. ५००/- | कागजात पूरा भएमा सोही दिन | |
| १२ | संस्थाको विधान संशोधन | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| १३ | संस्थाको शाखा खोल्ने स्वीकृति | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| १४ | पत्रपत्रिका दर्ता | दैनिक - १,०००/- साप्ताहिक - ५००/- पाक्षिक - ३००/- मासिक - २००/- | कागजात पूरा भएमा सोही दिन | |
| १५ | छापाखाना दर्ता | १,०००/- | कागजात पूरा भएमा सोही दिन | |
| १६ | हातहतियार नामसारी | १,०००/- | कागजात पूरा भएमा सोही दिन | |
| १७ | हातहतियार जिल्ला भित्रको नविकरण | ३०००/- | कागजात पूरा भई आएमा सोही दिन | |
| १८ | हातहतियार नेपाल भरिको नवीकरण | ४०००/- | कागजात पूरा भई आएमा सोही दिन | |
| १९ | अन्य प्रमाणित | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| २० | अख्तियार दुरुपयोग सम्बन्धी मुद्दा | रु. १०/- को टिकट | यथाशीघ्र | |
| २१ | अन्य मुद्दा | रु. १०/- को टिकट | मुद्दाको क्षेत्र पुरा भएपछी | |
| २१ | विष्फोटक पदार्थ ईजाजत पत्र | रु. १०/- को टिकट | यथाशीघ्र | |
| २२ | राष्ट्रिय परिचय पत्रका लागि विवरण दर्ता | | तत्कालै | |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

- जिल्ला प्रशासन कार्यालयबाट गरिने प्रशासनिक निर्णयहरु प्रमुख जिल्ला अधिकारीबाट वा अधिकार प्रत्यायोजन भए अनुसार स.प्र.जि.अ. वा प्रशासकीय अधिकृतहरुबाट हुने गर्दछ ।
- कानून बमोजिम मुद्दा सुन्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई मात्र रहन्छ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- बुँदा नं ७ मा उल्लेख भए अनुसारको प्रशासनिक निर्णय उपर उजुरी सुन्ने कार्य कानूनमा तोकिएको भए सोही अनुसार र नतोकिएको भए प्र.जि.अ.द्वारा गरिन्छ ।
- कानून बमोजिम मुद्दामा भएको फैसलाको पुनरावेदन जिल्ला अदालत कपिलवस्तुमा लाग्दछ ।

## ९. सम्पादन गरेको कामको विवरण

प्रगति विवरण (२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्म)

| विवरण | संख्या |
|---|---|
| नयाँ नागरिकता जिल्ला प्रशासन कार्यालय र इलाकाबाट वितरण भएको | ६२१७ |
| गैर आवसिय नागरिकता | २ |
| बैवाहिक अंगिकृत नागरिकता | ३८४ |
| अंगिकृत नागरिकता | ११ |
| प्रतिलिपी नागरिकता जिल्ला प्रशासन कार्यालय र इलाकाबाट वितरण भएको | ३४४८ |
| राहदानी इनरोलमेन्ट | ३४३७ |
| द्रुत राहदानी सिफारिस | - |
| राहदानी वितरण | ३२४१ |
| संस्था दर्ता | ७ |
| संस्था दर्ताको राजश्व प्राप्त जिल्ला प्रशासन कार्यालयबाट रकम रु. | ७०००।- |
| संस्था नवीकरण/राजस्व रु. | ३६/६६७५०।- |
| हातहतियार नामसारी | - |
| हातहतियार दर्ता | - |
| हातहतियार नवीकरण | १२० |
| हातहतियार नवीकरण वापत प्राप्त राजश्व रु. | ३७८०००।- |
| नावालक परिचय पत्र वितरण | ८२ |
| राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता | १३२५५ |
| राष्ट्रिय परिचयपत्रका हालसम्म कार्ड वितरण | २२६६७ |
| छापाखाना दर्ता | - |
| पत्रपत्रिका दर्ता | - |
| भारतीय सेनाको पेन्सन प्रमाणित र अन्य प्रमाणित समेत | ६२६ |
| आ.व. ८१-८२ को अ.ल्या. मुद्दा संख्या/फछ्यौट | १५/५० |
| नयाँ मुद्दा दर्ता | ९१ |
| मुद्दा फछ्र्योट | ३४ |
| ठाडो उजुरी | १०४/१०९ |
| बजार अनुगमनबाट सामान जफत अन्दाजी मूल्य रु. | १००००।- |
| बजार अनुगमनबाट निरीक्षण अधिकृतबाट जरिवाना रु. | - |
| जिल्ला विपद् व्यवस्थापन समितिको बैठक | १ |
| कार्यालय प्रमुखहरुको बैठक | ३ |
| अन्य विविध विषयका बैठक | १४ |

| | |
|---|---|
| जिल्ला सुरक्षा समिति बैठक | १० |
| कर्मचारी (स्टाफ) बैठक | ३ |
| सूचना अधिकारीको बैठक | १ |
| कसुरजन्य सम्पत्तिको जिल्ला स्तरीय मुल्याङ्कन समितिको बैठक | २ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

## १०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद (२०८३ असारमा अद्यावधिक)

गुनासो सुन्ने/सूचना अधिकारीः श्री भविश्वर घिमिरे - सहायक प्रमुख जिल्ला अधिकारी
कार्यालय प्रमुख श्री जनार्दन गौतम - प्रमुख जिल्ला अधिकारी

## ११. ऐन, नियम वा विनियम वा निर्देशिकाको सूची

**जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित ऐनहरु :**

- अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३
- अध्यागमन ऐन, २०४९
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
- अभिलेख संरक्षण ऐन, २०४६
- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९
- आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५
- आर्थिक ऐन, २०६८
- आर्थिक कार्यविधि ऐन, २०५५
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- आवश्यक सेवा सञ्चालन ऐन, २०१४
- उपभोक्ता संरक्षण ऐन, २०७५
- कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८
- कानूनी सहायता सम्बन्धी ऐन, २०५४
- कारागार ऐन, २०१९
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३
- क्षतिपूर्ति ऐन, २०१९
- खाद्य ऐन, २०२३
- गुठी संस्थान ऐन, २०३३
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- चन्दा ऐन, २०३०
- चलचित्र निर्माण, प्रदर्शन तथा वितरण ऐन, २०२६
- चिठ्ठा ऐन, २०२५
- छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८
- जग्गा प्राप्ति ऐन, २०३४
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

- जलस्रोत ऐन, २०४९
- जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८
- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३
- ट्रेड युनियन ऐन, २०४९
- तथ्याङ्क ऐन, २०१५
- दाना पदार्थ ऐन, २०३३
- निजामती सेवा ऐन, २०४९
- निर्वाचन (कसुर र सजाय) ऐन, २०७३
- नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७
- नेपाल नागरिकता ऐन, २०६३
- नेपाल पेट्रोलियम ऐन, २०४०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५५
- पशु वधशाला र मासु जाँच ऐन, २०५५
- प्रतिष्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३
- प्रमाण ऐन, २०३१
- प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३
- प्रहरी ऐन, २०१२
- बालबालिका सम्बन्धी ऐन, २०७५
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- बेपत्ता पारिएका व्यक्तिको छानविन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१
- बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- भन्सार ऐन, २०६४
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मदिरा ऐन, २०३१
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
- राष्ट्रिय निर्देशन ऐन, २०१८
- राहदानी ऐन, २०२४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९
- वातावरण संरक्षण ऐन, २०५३
- विद्युत चोरी नियन्त्रण ऐन, २०५८
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
- विष्फोटक पदार्थ ऐन, २०१८
- वैदेशिक रोजगार ऐन, २०६४
- शिक्षा ऐन, २०२८
- श्रम ऐन, २०७४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

- संक्रामक रोग ऐन, २०२०
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- संस्था दर्ता ऐन, २०३४
- सशस्त्र प्रहरी ऐन, २०५८
- सामाजिक व्यवहार (सुधार) ऐन, २०३३
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक सडक ऐन, २०३१
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८
- स्थानीय प्रशासन ऐन, २०२८
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६
- होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३

यी ऐन सँगै सम्बद्ध ऐनका नियमावलीहरु

- सो अन्तर्गत बनेका बिनियम र निर्देशिकाहरु
- अधिकार प्रत्यायोजन भएका ऐनका विषयहरु
- प्र.जि.अ. समेतले प्रतिनिधित्व गर्ने समितिहरुको विवरणमा उल्लेखित ऐन, नियम, निर्देशिकाहरु

## १२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

**प्रगति विवरण (२०८२ माघ १ देखि २०८२ चैत्र मसान्तसम्म)**

**यहाँ तीन महिनामा भएको आम्दानी र खर्च शीर्षक अनुसार लेखा शाखाबाट आ.व. मा भएअनुसार राख्ने**

**क. जिल्ला प्रशासन कार्यालय**

| बजेट उपशिर्षक | बजेट | खर्च | | | | बाँकी |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमसिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| राष्ट्रिय परिचयपत्र (चालु) | १५,३१,०००।- | ३८६०५५।- | २६२३३० | ३३३४८७।- | ४२७०३४।- | ५४९१२८।- |
| राष्ट्रिय परिचयपत्र (पूँजीगत) | ४६,०००।- | ०।०० | ०.० | ०।० | ४५८७८।- | १२२।- |
| निर्वाचन आयोग चालु | ७५००००।- | - | - | ७३३७५०।- | - | १६२५०।- |
| जिल्ला प्रशासन कार्यालय (चालु) | २,५८,६४,०००।- | ६५९६५६८.३४।- | ५१५७५४८ | ६८४८७८०।- | ७४४१६२९।- | २०८९६८६।६४ |
| जिल्ला प्रशासन कार्यालय (पूँजीगत) | २३,५१,०००।- | ३,७८,६१५।- | ४३०६२७।- | २७३६८४।- | ३६४२५३० | १७५५५४४।- |

**ख. संघ विविध खाता**

| खर्चको स्रोत | घटनाको प्रकृती | चौथो त्रैमासिक | | जम्मा | | कै. |
|---|---|---|---|---|---|---|
| | | संख्या | भुक्तानी रकम | संख्या | भुक्तानी रकम | |
| कन्सुलर सेवा विभागको अख्तियारी बमोजिमको क्षतिपूर्ति रकम | वैदेशिक रोजगार सम्बन्धी घटना | ११ जना | २१,७७,९७७।४१ | ३८ | १४७३३०६६६।९९ | |

**ग. प्रदेश विविध खाता**

| खर्चको स्रोत | घटनाको प्रकृती | चौथो त्रैमासिक | | जम्मा | | कै. |
|---|---|---|---|---|---|---|
| | | संख्या | भुक्तानी रकम | संख्या | भुक्तानी रकम | |
| गृह मन्त्रालय लुम्बिनी प्रदेशको अख्तियारी बमोजिमको राहत तथा क्षतिपूर्ति रकम | आगलागी | २१ | ४७००००।- | २३ | ६७००००।- | |
| | सर्पदंश | २ | २०००००।- | | | |

१३. तोकिए बमोजिमका अन्य विवरण (२०८३ बैशाख १ देखि असार मसान्तसम्म)

DCMC को मिटिङ संख्या :- २ वटा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

१४. अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण

नियमित कार्यक्रमका अतिरिक्त निम्न कार्यहरु गरिएको :

- बजार अनुगमन

**Website: www.daokapilvastu.moha.gov.np**
**E-mail: daokapilvastu@gmail.com**
**E-mail: daokapilvastu@moha.gov.np**
ठेगानाः जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु न.पा.वडा नं.-१, तौलिहवा ।
फोन नं. ०७६-५६०१५९

१६. **कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

केही नभएको ।

१७. **कार्यालयले सञ्चालन गरेको कार्यक्रम र प्रगति**

- बजार अनुगमन (स्थानीय तहहरुसँगको समन्वयमा) - १३ पटक
- लागु औषध नियन्त्रण सम्बन्धी विद्यालय तथा क्याम्पसहरुमा विद्यार्थी लक्षित सचेतनामूलक कायक्रम -४
- सूचना अधिकारी वैठक-१
- स्थानीय, प्रदेश तथा संघका सरोकारवाला निकायविच लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रम-२
- सीमाक्षेत्रमा लागु औषधको सम्भावित क्षेत्र र नियन्त्रण सम्बन्धी अनुगमन-१
- स्थानीय तहमा सार्वजनिक सुनुवाई कार्यक्रम-१
- लागु औषध सम्बन्धी प्रभातफेरी कार्यक्रम-१
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी अन्तरक्रिया-१

१८. **कार्यालयले वर्गीकरण र संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समय अवधिः**

-नतोकिएको ।

१९. **कार्यालयमा परेका सूचना सम्बन्धी माग विवरण र सो को जानकारी दिएको विषय**

- नपरेको ।

२०. **कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरणः**

जिल्ला प्रशासन कार्यालयको **Website: www.daokapilvastu.moha.gov.np** मा नियमित रुपमा सूचनाहरु सार्वजनिक हुने गरेको, नागरिक वडा पत्र, एकीकृत नागरिक वडा पत्र, साथै आवश्यकता अनुसार जिल्ला हुलाक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तहहरुमा समेत प्रकाशन हुन सक्ने ।

बाबुराम पन्थी
...कीय अधिकृत